# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
## सिंहदरबार, काठमाडौं

आर्थिक वर्ष २०७६।७७ को कार्य प्रगति विवरण

**१. मुख्य मुख्य कार्य प्रगति एवं उपलब्धीहरु:**

१.१ प्रदेश तथा स्थानीय तहको जनसंख्या र जनसांख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकाङ्क, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेको प्रयास, पुर्वाधारको विकास लगायतका विस्तृत आधार (सूचक) र ढाँचाका आधारमा संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको।

१.२ प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमता, पूर्वाधार विकासको अवस्था र आवश्यकता, मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता लगायतका सूचकाङ्कका आधारमा संघीय संचित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको। वित्तीय समानीकरण अनुदान हस्तान्तरणको सिफारिस गर्दा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मापनको सूचकलाई पनि आधार लिईएको।

१.३ राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पुर्वाधारको अवस्था अनुसार नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा प्रदान गरिने सशर्त अनुदानको आधार तयार गरी नेपाल सरकारलाई सिफारिस गरिएको ।

१.४ समष्टिगत आर्थिक सूचकहरुको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सिमा निर्धारण गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सिफारिस गरिएको।

१.५ पर्वतारोहण, वन, विद्युत र खानी तथा खनिज सम्बन्धी प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने रोयल्टी विषयगत अलग अलग सूचकांकका आधारमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीच बाँडफाँड गर्ने गरी सो सम्बन्धी रोयल्टीको हिस्सा निर्धारण गरी सिफारिस गरिएको।

१.६ स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमता, पूर्वाधार विकासको अवस्था र आवश्यकता, मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता लगायतका सूचकाङ्कका आधारमा सवै प्रदेशबाट सम्बद्ध स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गरिएको।

१.७ प्रदेशबाट स्थानीय तहमा प्रदान गरिने सशर्त अनुदानको आधार तयार गरी सबै प्रदेश सरकारलाई सिफारिस गरिएको।

१.८ सम्बन्धित स्थानीय तहको जनसंख्या, सडकको लम्बाई, वन तथा हरीयाली लगायतका सूचक एवं ढाँचाका आधारमा प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरीने सवारी साधन कर बाँडफाँड गरी प्रदेश सरकारलाई सिफारिस गरिएको ।

१.९ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ तर्जुमा गरी लागू गरिएको।

१.१० राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारी तथा कर्मचारीहरूको आचारसंहिता,२०७६ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको।

१.११ आयोगको प्रथम वार्षिक प्रतिवेदन, २०७६ तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरीएको र सातवटै प्रदेशका अलग अलग प्रदेशगत वार्षिक प्रतिवेदन,२०७६ तयार गरी माननीय प्रदेश प्रमुखज्यूहरू समक्ष प्रस्तुत गरिएको।

१.१२ बार्षिक कार्यक्रममा उल्लेखित अध्ययन, तथ्यांक संकलन एवं अद्यावधिक, विश्लेषण, अन्तरक्रिया, छलफल, अभिमुखीकरण, क्षमता अभिबृद्धी, प्रतिवेदन तयारी एवं प्रकाशन लगायतका अन्य कार्यहरु नियमित रुपमा सम्पादन गरिएको ।

*******************